# बाली उपचार शिविर (Plant clinic) सञ्चालन कार्यविधि, २०७५

(प्रदेश सरकार, मन्त्रीपरिषद, मिति २०७५/१०/०२ गतेको निर्णयबाट स्वीकृत)

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं.१, विराटनगर, नेपाल

सचिव

# बाली उपचार शिविर (Plant clinic) सञ्चालन कार्यविधि, २०७५

प्रदेश सरकारको मिति २०७५/१०/०३ को निर्णयबाट स्वीकृत)

## पृष्ठभुमी

बाली विरुवामा रोग, किरा र अन्य समस्याहरुको कारणहरुले गर्दा बाली उत्पादनमा बर्षेनी १५-२०% सम्म ह्रास भएको पाईएको छ । कृषकहरुले बाली बिरुवाहरुका समस्याहरुको उपयुक्त तवरबाट उपचार प्राप्त गर्न सकिरहेका छैनन् । स्थानीय स्तरमा बालीका रोग किराको व्यवस्थापनमा दक्ष प्राविधिकको कमी कृषि प्रसार सेवाको सानो फैलावट र सेवा प्रदायक विषादी बिक्रेताहरुको सेवा समेत प्रभावकारी नरहेको अवस्था छ । फलस्वरुप किसानहरुले बिषादी कति मात्रामा प्रयोग गर्ने र कसरी प्रयोग गर्ने भन्ने ज्ञान सीपको अभाव विद्यमान रहेको छ । यस कारण एकातिर कृषकहरुको लगानी खेर गैरहेको छ भने अर्कोतर्फ समयमा नै समस्या समाधान नहुनु र विषादीको प्रयोगले मानिस, जीवजन्तु र वातावरणमा समेत नकारात्मक असर परिरहेको छ ।तसर्थ एउटा परिक्षण तथा सत्य तथ्यमा आधारित गुणस्तरिय एवं भरपर्दो बाली उपचार पद्धतिको आवश्यकता टड्कारो छ जसको समाधान भनेको बाली उपचार शिविर (Plant clinic) नै हो । बाली उपचार शिविर एउटा यस्तो थलो हो जहाँ कृषकहरुले आफ्नो बालीमा लागेका रोग, किरा तथा अन्य समस्याको समस्याग्रस्त बोट विरुवाका नमूना शिविरमा ल्याई बाली उपचार बिशेषज्ञहरुबाट स्थलगत रुपमा समस्या पहिचान तथा समाधानका उपायहरु बारे सल्लाह प्राप्त गर्दछन् ।कृषकहरुको बाली विरुवामा देखा पर्ने समस्याहरुको स्थलगत रुपमा विज्ञहरुको सेवा मार्फत समाधानका लागि प्रदेश सरकारको नीति तथा कार्यक्रममा अन्तरनिहित भावना अनुरुप वार्षिक कार्यक्रममा स्वीकृत विभिन्न स्थानहरुमा बाली उपचार शिविर संचालन कार्यक्रम कार्यान्वयनका लागि प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५को दफा ३(१) को अधिकार प्रयोग गरि प्रदेश सरकारबाट यो बाली उपचार शिविर (Plant clinic) सञ्चालन कार्यविधि, २०७५ तयार गरी लागू गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

(१) यो कार्यविधिको नाम "बाली उपचार शिविर (Plant clinic) सञ्चालन कार्यविधि, २०७५" रहेको छ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा

(१) "प्लान्ट क्लिनीक विशेषज्ञ" प्लान्ट क्लिनीक विशेषज्ञ भन्नाले बाली उपचार शिवीर संचालन तालिम प्राप्त नेपाल कृषि सेवाको बाली संरक्षण अधिकृत (रा.प.तृतीय श्रेणी) लाई जनाउँछ ।

(२) "प्लान्ट क्लिनीक संचालक" प्लान्ट क्लिनीक संचालक भन्नाले बाली उपचार शिवीर संचालन तालिम प्राप्त प्राविधिक कर्मचारी वा आई.पी.एम. कृपक सहजकर्तालाई जनाउनेछ।

सचिव

प्रमुख सचिव

३. बाली उपचार शिविर (प्लाण्ट क्लिनिक) को उद्देश्य:

(१) कृषकको बालीमा रोग, किरा तथा अन्य समस्याहरुको सहि पहिचान गरी समयमै उपयूक्त प्रविधि सिफारिस गर्ने।

(२) विषादीको समुचित प्रयोग गर्दै वातावरण संरक्षणमा सहयोग पुऱ्याउने ।

## परिच्छेद - २

## कार्यक्रम संञ्चालन प्रकृया

४. यस कार्यक्रम अन्तर्गत देहाय बमोजिम कार्यक्रम संचालन गरिने छ।

(१) जिल्लाका अन्न, फलफूल, तरकारी र अन्य बालीहरुको पकेट क्षेत्र लाई समेट्ने गरी समस्या देखिएका क्षेत्र तथा रासायनिक विषादीको अत्याधिक प्रयोग भइरहेको क्षेत्रलाई सम्बोधन गर्ने गरी धेरै भन्दा धेरै कृषकहरुलाई सहभागि बनाउन पायक पर्ने ठाउँमा बाली उपचार शिविर संचालन गर्नु पर्दछ ।

(२) बाली उपचार शिविर संचालन हुने मिति, स्थान र समयको बारेमा कृषकलाई स्थानीय एफ एम रेडियो सुचना मार्फत जानकारी दिनु पर्नेछ ।

(३) कृषकले ल्याएको बालीको नमूना र कृषकसँग लिइएको जानकारीका आधारमा समस्या पहिचान गरी समाधानका उपायहरु कृषकले बुझ्ने गरी लिखित रुपमा कृषकलाई उपलब्ध गराउनु पर्नेछ । उक्त दिन बाली नमूनाको समस्या पहिचान हुन नसकेमा यथासक्य छिटो उपयूक्त निकायमा नमूना पठाई समस्याको पहिँचान गराई सम्वन्धित कृषकलाई उचित व्यवस्थापनका उपायहरु सहित यथासक्य छिटो जानकारी गराउने व्यवस्था गर्नु पर्नेछ।

(४) बाली उपचार शिविर संचालन अवधि १ दिनको हुनेछ ।

(५) यस कार्यक्रममा सहभागी कृषकलाइ निःशुल्क प्राविधिक सेवा उपलब्ध गराइने छ र अन्य सुविधा उपलब्ध गराइने छैन ।

(६) बाली उपचार शिविर प्लाण्ट क्लिनिक बिशेषज्ञको प्रत्यक्ष संलग्नतामा गर्नु पर्नेछ । सम्वन्धित जिल्लामा बाली उपचार बिशेषज्ञ (प्लाण्ट क्लिनिक विशेषज्ञ) नभएमा नजिकको कृषि ज्ञान केन्द्र, बाली संरक्षण प्रयोगशाला, कृषि विकास निर्देशनालय, अनुसन्धान केन्द्र, गैह सरकारी संस्थाका तालिम प्राप्त बाली उपचार बिशेषज्ञ (प्लाण्ट क्लिनिक बिशेषज्ञ) को सहयोग लिई संचालन गर्न सकिने छ ।

(७) उपदफा (६) बमोजिम संचालन हुन नसकेमा प्लान्ट क्लिनीक संचालकबाट सञ्चालन हुन सक्नेछ ।

(८) बाली उपचार शिविर हुने मिति, समय र स्थान निश्चित गरी सो को जानकारी सम्बन्धित बाली संरक्षण प्रयोगशाला र कृषि विकास निर्देशनालयमा पठाउनु पर्ने छ ।

(९) यो शिविर सञ्चालनका लागि स्थानिय तहहरु सँग समन्वय गरी साझेदारीमा समेत सञ्चालन गर्न सकिने छ ।

५. बजेट तथा आर्थिक पक्ष

(१) यो कार्यक्रम सञ्चालन गर्न भुमि व्यवस्था ,कृषि तथा  सहकारी मन्त्रालय ,कृषि विकास निर्देशनालय मातहत कृषि ज्ञान केन्द्रहरुको वार्षिक स्वीकृत कार्यक्रममा सालवसाली रुपमा वजेटको व्यवस्था गरिने छ ।

सचिव प्रमुख सचिव

(२) स्वीकृत वजेटवाट प्रत्येक ज्ञान केन्द्रले पहिलो वर्ष USB Microscope लगायतका आवश्यक उपकरण सार्वजनिक खरीद ऐन र नियमावली वमोजिम खरिद गर्न सक्नेछन । यसको प्रयोग शिविर सञ्चालनमा गर्नु पर्ने छ र एक पटक USB Microscope लगायतका आवश्यक उपकरण खरीद गरे पश्चात ३ वर्षसम्म अर्को खरिद गर्न पाईने छैन ।

(३) शिविर सञ्चालन स्थानको छनौट कृपकहरुको माग तथा वालीनालीमा देखिएका समस्याका आधारमा कृषि ज्ञान केन्द्रले गर्नेछ ।

(४) छनौट भएको स्थानमा शिविर सञ्चालनका लागि देहाय अनुसार खर्च गर्नु पर्ने छ ।

| सि. नं. | विवरण | इकाई | परिमाण | दर रु. | जम्मा रु. |
|---|---|---|---|---|---|
| १ | प्रचार प्रसार (एफ.एम.,पर्चा, माईकिङ आदि) | पटक | १ | २००० | २००० |
| २ | वाली उपचार शिविर संचालन सामाग्री (एप्रोन, क्याप, चक्कु, कैची, लेन्स, भाइल, पेपर, केमिकल्स, , आदि) | पटक | १ | ५००० | ५००० |
| ३ | सुझाव पर्चा, फ्याक्ट सिट,व्यानर छपाई | पटक | १ | ३००० | ३००० |
| ४ | स्टेशनरी (क्लिनिक रजिष्टर, कलम, आदि ) | पटक | १ | १००० | १००० |
| ५ | वाली उपचार शिविर व्यवस्थापन खर्च (चिया, खाजा, आदी) | जना | ३० | १५० | ४५०० |
| ६ | प्रतिवेदन तयार | पटक | १ | १००० | १००० |
| ७ | विषादी रहित सामाग्री वितरण (फेरोमेन ट्रयाप ल्युर, स्टिकि ट्रयाप आदि) | पटक | १ | ७५०० | ७५०० |
| ८ | वाली उपचार शिविर सञ्चालन गर्न जाने विषेशज्ञ र अन्य प्राविधिक हरुको लागि दैनिक भ्रमण भत्ता खर्च | संख्या | बढीमा ४ जना सम्म | | भ्रमण खर्च नियामावली २०६४ बमोजिम |

नोटः वाली उपचार शिविर संचालनका लागि एप्रोन र क्याप हरियो रंगको हुनु पर्नेछ र एप्रोन र क्यापमा "प्लाण्ट क्लिनिक बिशेषज्ञ" वा "प्लान्ट क्लिनीक संचालक" भन्ने वाक्यांश छापेको वा ईम्ब्राईडरी गरेको हुनु पर्नेछ ।

सचिव प्रमुख

## परिच्छेद – ४
## अनुगमन तथा विविध

६. अनुगमन तथा मूल्यांकनः

(१) निर्देशनालय वा ज्ञान केन्द्रले सम्बन्धित स्थानिय तह र मन्त्रालयको सहयोग तथा समन्वयमा यस कार्यविधी अनुसार संचालित कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।

(२) मन्त्रालय र निर्देशनालयले यस कार्यक्रमको अनुगमन निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

७. प्रगति प्रतिवेदन पठाउनु पर्ने :

(१) कार्यक्रमको प्रगति प्रतिवेदन चौमासिक रुपमा कृषि विकास निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

८. आर्थिक प्रशासन सेवा

(१) कार्यक्रमको लेखा, लेखाङ्ककन र लेखा परिक्षण प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि, मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र संघिय सरकारका प्रचलित कानून बमोजिम हुनेछ ।

९. प्रचलित कानून लागु हुने

(१) कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधिमा उल्लेख भएकाको हकमा यसै बमोजिम तथा कार्यविधिमा उल्लेख नभएका कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१०. बाधा अड्काउ फुकाउने (खारेजी एवं संशोधन)

(१) कार्यविधि कार्यान्वयनका सन्दर्भमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले आवश्यक निर्णय गर्न सक्नेछ ।

(२) कार्यविधि कार्यान्वयनमा बाधा अड्चन आइपरेमा वा विवाद उत्पन्न भएमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको निर्णय अन्तिम हुनेछ ।

(३) कार्यविधिलाई आवश्यकता अनुसार प्रदेश सरकारले खारेजी वा संशोधन गर्न सक्नेछ ।

सचिव प्रमुख सचिव